# जनप्रतिनिधिहरुको एक वर्षे कार्यकालको प्रगती विवरण

मेलम्ची नगरपालिकाका उपप्रमुखज्यू, जनप्रतिनिज्यूहरु, कर्मचारी साथीहरु, सम्पूर्ण नगरवासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरु, संचारकर्मी एवं आजको यस एक वर्षे प्रगति प्रतिवेदन सार्वजनिक समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

वि.सं. २०७९ साल वैशाख ३१ गते सम्पन्न भएको स्थानीय तहको दोश्रो निर्वाचनबाट मेलम्ची नगरपालिकाको जनप्रतिनिधिको रुपमा हामी निर्वाचित भएको आज एक वर्ष पूरा भएको छ । हामीलाई अमूल्य मत दिई विजय गराउनुहुने सम्पूर्ण नगरवासीहरुप्रति हामी अन्तरहृदय देखि नै हार्दिक आभार प्रकट गर्दछौं ।

निर्वाचनको एक वर्षको अवधिमा हाम्रो नेतृत्वमा भएका विकास निर्माणका कार्यहरुलाई सबै नगरवासी सामु सार्वजनिक गर्न गइरहेका छौं ।हामीले हाम्रा घोषणापत्रमा उल्लेख गरेका बाचाहरु, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका नीति तथा कार्यक्रममा समावेश गरिएका अन्तरवस्तुहरु, मेलम्ची नगरपालिकाको आवधिक योजना, दीगो विकासका लक्ष्यहरु लगायतका सबै विषयवस्तुलाई मध्यनजर गर्दै हामीले योजना तथा कार्यक्रमको निर्माण गरेका थियौं । यीनै विषयवस्तुमा अन्तरनिहित रहेर हामीले एक वर्षको अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरुलाई सार्वजनिक गर्न गइरहेका छौं ।

नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामुलक, सबल र समृद्ध मेलम्ची निर्माण गर्नु हामी सबैको प्रमुख दायित्व रहेको छ ।

मुलकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत विभिन्न चरणमा भएका आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद तथा बेपत्ता र पीडित नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

"मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै यस नगरपालिकाको कृषि, पर्यटन र उद्योगको संयोजनबाट समृद्ध मेलम्ची र सुखी मेलम्ची बासीको परिकल्पनालाई साकार पार्नुपर्ने अवस्था रहेको छ । यस नविनतम कार्यमा हामी सबै जनप्रतिनिधिहरु अहोरात्र खटिरहेका छौं । सुशासन, पारदर्शिता, दीगो विकास र वातावरणमैत्री पूर्वाधार निर्माणको माध्यमबाट हामीले सुन्दर र सफा मेलम्ची निर्माण गर्ने अठोट गरेका छौं ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी, कोभिड १९ जस्ता महामारीको आलो घाउ हामीसंग ताजै छ । यस विपद्को घडीमा नगरवासीका भौतिक संरचना र सार्वजनिक संरचनाहरुको पुनर्निर्माणमा हामी निरन्तर लागि परेका छौं । मेलम्ची र ईन्द्रावती नदीले बगाएका पक्की मोटर पुल र झोलुङ्गे पुल निर्माणमा संघीय सरकार र प्रदेश सरकारलाई निरन्तर घच्घचाएका छौं । अब निकट समयमा नै मेलम्ची तथा ईन्द्रावती नदीमा पक्की मोटर पुलको निर्माण हुनेछ ।

हामीले एक वर्षको अवधिमा सम्पादन गरेका कार्यहरुलाई क्षेत्रगत आधारमा देहाय अनुसार प्रस्तुत गर्दछु ।

**१.सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :**

- संघीय सरकारबाट समायोजन भई आएका र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका गरी जम्मा ८२ जना स्थायी र १२७ जना करार सेवामा गरि कूल जम्मा २१३ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।
- नागरिकको अपेक्षा तथा आकांक्षालाई पूरा गर्न र बढ्दै गएको सेवाको चापलाई सम्बोधन गर्न यस नगरपालिकाले कर्मचारी संगठन संरचनाको पुनरावलोकन गरि नगरसभाबाट स्वीकृत गरी पददर्ताको लागि प्रदेश किताबखानामा पठाइएको छ ।
- कार्यालयबाट सम्पादन हुने कार्य तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त सेवाग्राहीमैत्री बनाई सुशासन, पारदर्शिता र वित्तिय अनुशासन कायम गर्ने उद्देश्यले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिएको छ ।
- मेलम्ची नगरपालिका, वडा कार्यालय, मातहतका स्वास्थ्य संस्था लगायतका सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरुमा ई-हाजिरी, सिसी क्यामेरा जडान, डिजिटल डिस्प्ले जडान गरी सेवा सम्बन्धी जानकारी प्रदान गर्ने कार्य गरिएको छ ।
- सुशासन, पारदर्शिता र जवाफदेहीताको मूल मर्म बमोजिम विकास निर्माणका सवालहरुमा रेडियो मिसनको सहजीकरणमा एक वर्षको अविधिमा १२ वटा वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

**आइतमान तामाङ**
**नगर प्रमुख**

- यस नगरपालिकाबाट प्रवाह हुने सेवासंग सम्बन्धित गुनासो तथा उजुरीहरुको छिटो र गोप्य रुपमा सम्पादन गर्नको लागि गुनासो अधिकारी, नागरिकको सूचनाको हक सूनिश्चित गर्नको लागि सूचना अधिकारी र बालबालिकाहरुका सम्बन्धमा गर्नुपर्ने कार्यहरु, उनीहरुको सवालमा उठेका विषयहरु सहज रुपमा सम्पादन गर्नको लागि बाल कल्याण अधिकारीको व्यवस्था गरिएको छ ।

- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता र सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, योजना संचालन प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापन प्रणाली, दर्ता तथा सिफारिस प्रणाली लगायतका सफ्टवेयर प्रणालीहरुको प्रयोग गरिएको छ । त्यसैगरी, वेवसाइट तथा फेसबुक पेज मार्फत नगरपालिकाबाट हुने गरेका निर्णय तथा कार्यक्रमहरु सार्वजनिक गर्ने गरिएको छ ।

**२.भवन तथा पूर्वाधार निर्माण :**

हामी निर्वाचित भएको एक वर्षको अवधिमा भवन तथा पूर्वाधार निर्माण तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

**(क) <u>भवन निर्माण तर्फ</u> :**

- यस नगरपालिका भत्रका वडा नं. ३, ८, १० र १३ गरी जम्मा चार वटा वडा कार्यालयको प्रशासनीक भवनको निर्माण कार्य सम्पन्न गरिएको छ भने वडा नं.४, ७ र ९ को वडा कार्यालय भवन निर्माणको कार्य भैरहेको छ भने वडा नं १२ को वडा कार्यालय भवनकोलागी वजेट बिनियोजन भै सकेको छ।

- मेलम्ची नगरपालिका वडा नं. ४, ५, ६ र ११ को संगमस्थल धौलेमा निर्माणाधिन अवस्थामा रहेको सुविधा सम्पन्न तालिम केन्द्र भवनको ७० प्रतिशत कार्य सम्पन्न गरिएको छ ।

- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेखोलामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको नगर अस्पताल भवनको निर्माण कार्य २७ प्रतिशत सम्पन्न गरिएको छ भने वडा नं. १३ मा स्वास्थ्य चौकी भवन निर्माणको कार्य भइरहेको छ ।

- मेलम्ची नगरपालिका वडा नं. ७ स्थित प्रज्ञा आधारभूत विद्यालयको दुई कोठे पक्की भवन निर्माणको कार्य प्रारम्भ गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- एक वर्षको अविधिमा यस नगरपालिका भित्रका विभिन्न वडामा २ वटा सामुदायिक भवनहरु निर्माण सम्पन्न गरिएको छ भने ७ वटा सामुदायिक भवनहरु निर्माणको चरणमा रहेका छन् ।
- यस नगरपालिकाबाट एक वर्षको अवधिमा ५ वटा गुम्बा तथा माने, ४ वटा मठ मन्दिर, १२ वटा चियानघाट, ४ वटा प्रतिक्षालय, १ वटा बुद्ध मुर्ति, १ वटा झाँक्री मूर्ति निर्माण गरिएको छ भने १४ वटा मठ मन्दिर र गुम्बाहरु निर्माणाधिन तथा मर्मत संभारको अवस्थामा रहेका छन् ।
- मेलम्ची नगरपालिका भित्रका १५ वटा विद्यालय भवन र ३ वटा स्वास्थ्य चौकी भवनको मर्मत संभार कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ६ र ८ को वडा कार्यालय घेराबारको कार्य प्रारम्भ गरिएको छ ।

**(ख) <u>सडक निर्माण तर्फ</u> :**

यस नगरपालिका भित्रका विभिन्न वडामा एक वर्षको अवधिमा देहाय अनुसार सडक निर्माणको कार्य सम्पन्न गरिएको छ ।

तपसिल

| क्र.सं. | विवरण | परिमाण | इकाई |
|---|---|---|---|
| १ | सडक ढलान | १.६९ | कि.मि. |
| २ | सडक ग्राभेल | १७.४० | कि.मि. |
| ३ | नयाँ सडक ट्र्याक निर्माण | ५.६० | कि.मि. |
| ४ | पक्की सडक नाली | १.९५ | कि.मि. |
| ५ | सडक सोलिङ | २.१० | कि.मि. |
| ६ | ग्याबिन वाल निर्माण | ४११६.५ | घ.मि. |
| ७ | कल्भर्ट निर्माण | ३ | वटा |
| ८ | प्लम वाल निर्माण | १८९७.३५ | घ.मि. |
| ९ | स्टोन मेशिनरी वाल निर्माण | ५१७६ | घ.मि. |
| १० | आर.सि.सि. वाल निर्माण | ३८५ | घ.मि. |
| ११ | सिंढी तथा गोरेटो बाटो निर्माण | १.९५ | कि.मि. |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार देखि वन कार्यालय नगरपालिका हुँदै हेलम्बु राजमार्ग जोड्ने सडक कालोपत्रे गर्ने कार्यको ६० प्रतिशत कार्य सम्पन्न गरिएको छ।
- बाहुनेपाटी मेलम्ची खाल्डे सडक स्तरोन्नतीको कार्य ८५ प्रतिशत सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ११ र ६ स्थित भदौरे धुसेनी मानेभञ्ज्याङ सडक स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ ।
- ओखेनीचौर धौले धुसेनीचौर सडक स्तरोन्तीको कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ९ स्थित गैरीगाउँ सुनखानी लाँगर्चे सडक र राम्चे डिल सुनखानी खड्काथोक सडकको स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ भने मेलम्ची गुफाडाँडा सडक स्तरोन्नतीको कार्य भइरहेको छ ।
- मेलम्ची नगरपालिका वडा नं. १२ र १ स्थित सिन्धुखोला गिराञ्चौर महभिर सडक स्तरोन्नतीको कार्य भैरहेको छ।
- वडा नं. १२ स्थित मेलम्ची खत्रीटोल थाक्ले सडक स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित अस्थायी बसपार्क निर्माणको कार्य भइरहेको छ
- चालु आ.व. २०७९/०८० मा यस नगरपालिका भित्र ४५ वटा पूर्वाधार निर्माण तथा खरिदका लागि बोलपत्र आव्हान गरिएकोमा बोलपत्र बमोजिम ६७ प्रतिशत निर्माणको कार्य सम्पन्न गरिएको छ ।

(ग) खानेपानी तथा सिंचाई निर्माण तर्फ :

- एक वर्षको अवधिमा एक घर एक धारा कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र २५ वटा खानेपानी योजनाहरु मार्फत १८२ वटा खानेपानी धाराहरु निर्माण सम्पन्न भएका छन् भने हालसम्म यस नगरपालिका भित्रका ६५ प्रतिशत नागरिकहरुलाई स्वच्छ खानेपानी पुर्याइएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिका भित्रका नागरिकहरुलाई पाइप मार्फत स्वच्छ खानेपानी पु-याउनको लागि नगर तथा वडाको बजेटबाट ६८१५० मिटर खानेपानी पाइप खरिद गरी वितरणको प्रक्रियामा रहेको छ ।
- मेलम्ची बजार बृहत खानेपानी आयोजनाको लागि आवश्यक पाइप तथा फिटिङ्गका सामग्रीहरु नगरपालिकाबाट खरिद भई निर्माण समितिलाई हस्तान्तरण गरिएको छ ।
- नगरपालिका भित्रका विभिन्न वडाका कृषि योग्य जमिनमा सिंचाई सुविधा पु-याउनका लागि २.४६ कि.मि. पक्की सिंचाई कुलो निर्माण सम्पन्न गरिएको छ ।

(घ) भूमि व्यवस्थापन तर्फ :

- मेलम्ची नगरपालिका वडा नं. ९ को वडाकार्यालय भवन निर्माण गर्नको लागि सोहि वडामा स्थानीयबासीहरु बाट २ रोपनी ३ पैसा २ दाम जग्गा र वडा नं. ११ र ६ मा दुई सामुदायिक भवन निर्मण गर्नको लागि ४ ठाँउमा जाम्मा १३ आना जग्गा निशुल्क प्राप्त भएको छ ।
- वडा नं ३ र ७ मा नमुना सामुदायिक भवन निर्माणको लागि २/२ रोपनी जग्गा निशुल्क प्राप्त गरी भवन निर्माण प्रक्रिया अघि बढेको छ।
- मेलम्ची नगरपालिकामा स्थानीय भू-उपयोग परिषद गठन गरी नगरपालिका भित्रका कृषि क्षेत्र र गैर कृषि क्षेत्रका जग्गाहरुको वर्गिकरण गर्ने कार्य गरिएको छ भने अन्य क्षेत्रको जग्गा वर्गिकरण गर्ने कार्य शुरु गरिएको छ ।

(ङ) पर्यटन पूर्वाधार निर्माण तर्फ :

- मेलम्ची नगरपालिका र काठमाडौं महानगरपालिका बीचको संयुक्त लगानीमा मेलम्ची नगरपालिका वडा नं. १ र २ स्थित भोटेचौर तपचुली एकिकृत पर्यटकीय पूर्वाधार निर्माणको प्रवेशद्धार, पदमार्ग, पिक्निक स्पट, प्रतिक्षालय लगायतका पूर्वाधार निर्माणको कार्य भइरहेको छ ।
- धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची नगरपालिका वडा नं. ४, ५ र ६ को संगमस्थल धौलेमा प्रवेशद्धार, मन्दिर, सत्तल र पोखरी निर्माणको कार्य सम्पन्न गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले खानेपानी निर्माण र सामुदायिक भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

३. <u>योजना कार्यान्वयन</u> :

- नगर सभाबाट विनियोजन भएका ६०६ वटा योजनाहरुमध्ये हालसम्म ४९२ वटा योजनाहरु निर्माणको लागि सम्झौता गरिएकोमा १८० वटा योजनाहरु सम्पन्न भइसकेका छन् भने ३३८ वटा योंजनाहरु निर्माणको चरणमा रहेका छन् ।
- आ.व. २०७९/०८० मा नगरसभाबाट विनियोजन भएका सम्पूर्ण योजनाको प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- नगरपालिकाको नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिबाट हालसम्म सबै वडामा सम्पन्न भएका तथा सञ्चालनमा रहेका योजनाहरुको स्थलगत अनुगमन तथा निरिक्षण गर्ने कार्य गरिएको छ ।

४. <u>राजस्व व्यवस्थापन</u> :

- चालु आ.व. २०७९/०८० को वैशाख मसान्तसम्म मालपोत, सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, ढुङ्गा गिटी बालुवा बिक्री लगायतका आय शिर्षकहरुमा आन्तरिक राजस्व तर्फ रु. २५ करोड ८६ लाख ४३ हजार ९ सय ९९ रुपैयाँ १० पैसा राजस्व संकलन गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्रका बजार क्षेत्रहरूमा बजार अनुगमन गरी बजारको नियमन र मिति गुज्रेका वस्तुहरु नष्ट गर्ने कार्य गरिएको छ ।
- मेलम्ची नगरपालिका क्षेत्र भित्र करदाता शिक्षा कार्यक्रम संचालन गरी वडा तथा नगरपालिकामा कर तिर्ने ४५ जना उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने कार्य गरिएको छ ।
- नगरपालिकाको राजश्व वृद्धि गर्ने उद्देश्यले वडा नं. ४, ५, ६ र ९ मा वडागत करदाता शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ भने अन्य वडाहरुमा क्रमश: उक्त कार्यक्रम संचालन गरिनेछ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- आम उपभोक्ताको हक अधिकारका सवालमा यस नगरपालिका र उपभोक्ता हकहित संरक्षण मञ्चको सहकार्यमा उपभोक्ता हक हित सम्बन्धी अन्तर्क्रिया र चेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाको सहयोग र नगर उद्योग वाणिज्य संघको आयोजनामा उद्योग व्यवसायी सचेतना र कर शिक्षा कार्यक्रम संचालन गरिएको छ ।
- राजस्व सुधार कार्ययोजना तयार गरी लागु गरिएको छ ।

**५. शिक्षा तथा खेलकुद :**

शिक्षा तथा खेलकुद तर्फ चालु आ.व. २०७९/ ०८० मा देहाय बमोजिमका कार्यहरु सम्पादन गरिएका छन् ।

(क) शिक्षा तर्फ :

- नगरपालिकाको आन्तरिक श्रोतबाट कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्थापन गर्नुको साथै विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग बढाउनका लागि आवश्यक कार्यक्रमको शुरुवात गरिएको छ ।
- नगरपालिकाको आन्तरिक श्रोतबाट प्रधानाध्यापक भत्तामा देहाय अनुसार थप रकमको व्यवस्था गरिएको छ ।

तपसिल

| कक्षा | संघीय सरकारबाट उपलब्ध भएको मासिक भत्ता | नगरपालिकाको तर्फबाट थप गरिएको मासिक रकम |
|---|---|---|
| कक्षा ५ सम्म | रु २०० | रु ५०० |
| कक्षा ८ सम्म | रु ३०० | रु ८०० |
| कक्षा १० सम्म | रु ५०० | रु १००० |
| कक्षा १२ सम्म | रु ५०० | रु १२०० |

- स्थानीयस्तरमा मध्यमस्तरीय प्राविधिक जनशक्ति तयार गर्नका लागि कक्षा ९ देखि १२ सम्म ४ जनालाई सिभिल इन्जिनियरिङ तथा २ जना विद्यार्थीलाई कृषि विज्ञान विषयमा डिप्लोमा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- विद्यालयमा प्रयोग भैसकेका स्यानिटरी प्याडको उचित व्यवस्थापनका लागि विद्यालयमा इन्सिनेटर मेशिन तथा सहज पहुँचका लागि भेन्डिङ मेशिन जडान कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुलाई कृषि कर्मसंग जोड्नका लागि ३ वटा विद्यालयहरुमा नमुनाका रुपमा विद्यालय कृषि कार्यक्रमको शुरुवात भएको ।
- शैक्षिक सत्र २०८० बाट विद्यालयहरुमा स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको छ ।
- एक विद्यालय एक बालविकास केन्द्रलाई निरन्तरता दिन २९ वटा वालविकास केन्द्रलाई नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिएको छ ।
- चालु आ.व. २०७९/०८० मा शिक्षा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत करिव रु. १ करोडको लगानीमा तपशिलका विद्यालयहरुमा शिक्षा पूर्वाधार विकास कार्यक्रम संचालन गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | विद्यालय | पूर्वाधार विकास कार्य |
|---|---|---|
| १ | श्री प्रज्ञा आ.वि. | दुई कोठे पक्की भवन निर्माणाधिन |
| २ | श्री ठुलोथकनी मा.वि. | भवनको प्लाष्टर तथा रंगरोगन भइरहेको |
| ३ | श्री सातकन्या मा.वि. | अधुरो भवनको निर्माण कार्य भइरहेको |
| ४ | श्री साल्मे आ.वि. | मर्मत सुधार कार्य सम्पन्न भएको |
| ५ | श्री शितलादेवी मा.वि. | ट्रष्ट निर्माण भइरहेको |
| ६ | श्री महाकाली मावि र श्री कालिका चेतना मा.वि. | वालमैत्री कक्षा कोठा व्यवस्थापन भइरहेको |
| ७ | श्री जनता मा.वि. | संरक्षण घेरावार भइरहेको |
| ८ | श्री बतासे मा.वि. | संरक्षण घेरावार (साझेदारी कार्यक्रम) भइरहेको |

(ख) <u>खेलकुद तर्फ</u> :

- यस नगरपालिकामा नगर खेलकुद विकास समितिको गठन गर्ने कार्य सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाबाट नगरस्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।

भेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय भेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका विभिन्न संस्था तथा क्लबहरुद्धारा नगरपालिकाको आर्थिक सहयोगमा खेलकुद प्रतियोगिताहरु सम्पन्न भएका छन ।

<u>तपसिल</u>

- वडा नं ७ स्थित न्यू नमूना युवा जागरण समूहको आयोजनामा सम्पन्न जिल्ला स्तरीय खुला पुरुष भलिबल प्रतियोगिता।
- योङ्ग स्टार क्लबको आयोजनामा जिल्ला स्तरीय खुला पुरुष भलिबल प्रतियोगिता।
- मेलम्ची ब्याडमिन्टन एकेडेमीको आयोजनामा भएको मेलम्ची नगरपालिका दोश्रो मेयर कप ब्याडमिन्टन प्रतियोगिता।
- सिद्धेश्वरी युवा क्लबको आयोजनामाप्रथम मेयर कप नगरस्तरीय भलिवल प्रतियोगिता ।
- नगरपालिका बाहिर आयोजना भएका विभिन्न खेलकुद प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गर्दै खेल खेल्न जाने खेलाडीहरुलाई नगर खेलकुद विकास समितिको निर्णयानुसार जर्सी सेट, खाना, बास तथा यातायात खर्च उपलब्ध गराउने कार्य गरिएको छ ।

५. स्वास्थ्य तथा आयुर्वेद :

(क) <u>स्वास्थ्य तर्फ</u> :

- नगरपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुबाट एक वर्षको अवधिमा ३६ हजार ४ सय २४ जना महिला, २५ हजार ४ सय ६७ जना पुरुष गरी जम्मा ६१ हजार ८ सय ९१ जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- हामिले पदभार ग्रहण गर्दा घोषणा गरेको गर्भवति तथा सुत्केरी महिलाहरुलाइ निशुल्क एम्बुलेन्स सेवा कार्यक्रम अन्तर्गत हालसम्म मेलम्ची नगरपालिका क्षेत्र भित्रका २९१ जना गर्भवतीहरुलाई पालिका भित्रको बर्थिङ सेन्टरमा आउन जान र नगर अस्पतालबाट रेफर गरिएका १८ जना सुत्केरी र गर्भवती महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका ६ वटा बर्थिङ सेन्टरहरुको लागि ५ वटा भिडियो एक्स-रे मेशिन र २ वटा आइ.एल.आर. फ्रिज खरिद गरी वितरण गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- नगरपालिका भित्रका सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई एक/एक थान झोला र छाता वितरण गरिएको छ ।
- वडा नं. ११ र ४ मा एकिकृत घुम्ती शिविर संचालन गरी नगर भित्रका ५२१ जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरुलाई पहिलो पटक लेखा तथा प्रशासन सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गरिने औषधिको अलवा नगरपालिकाले गर्भवती महिला पहिचान गर्न UPT किट, गर्भवती तथा सुतकेरी आमाहरुलाइ क्याल्सियम, रेबिज खोप र टि.टि. खोप नि:शुल्क वितरण गरिएको छ ।
- मेलम्ची नगर अस्पतालमा अप्रेसन सहितको प्रशुती सेवा संचालन गरी ५० जना गर्भवती महिलाहरुलाई अप्रेसन सहितको प्रशुती सेवा प्रदान गरिएको छ ।
- वडा नं १ भोटेचौर र वडा नं १२ गिरान्चौरमा शहरी स्वास्थ्य केन्द्रको विस्तार गरी सेवा संचालन गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्र एम्बुलेन्स र सव बहानको सहज सेवा प्रदान गर्नका लागि २ वटा एम्बुलेन्स र १ वटा शव वहान खरिद गरी संचालनमा ल्याइएको छ भने प्रदेश सरकारको सहयोगमा थप एकवटा अत्याधुनिक सुविधा सम्पन्न एम्बुलेन्स प्राप्त भएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई बृहत पोषण प्याकेज तालिम संचालन गर्नुको साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई अध्यन अवलोकन भ्रमण गराइएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ३, ४, ६, र १३ का स्वास्थ्य संस्थाहरु निर्माणधिन अवस्थामा रहेको छन् भन् वडा नं. ५ र ९ को स्वास्थ्य संस्था भवनको निर्माण कार्य सम्पन्न भएको छ ।
- आठ प्रकारका जटिल रोगहरुको उपचारका लागि मेलम्ची नगरपालिका भित्रका ५७ जना नागरिकहरुलाई विपन्न उपचार सिफारिस प्रदान गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगर अस्पतालमा परिवार नियोजन शिबिर संचालन गरी २९ जना सेवाग्राहीहरुलाई स्थायी बन्ध्याकरण सेवा प्रदान गरिएको छ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट तपसिल बमोजिमको खोप तथा सेवा प्रदान गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | सेवाको विवरण | सेवाग्राही संख्या |
|---|---|---|
| १ | कोभिड विरुद्धको फाईजर खोप | ५९२२ जना |
| २ | बि.सि.जी. खोप | ३४५ जना |
| ३ | डि.पि.टी. खोप | १३१७ जना |
| ४ | FIPV खोप | १२७३ जना |
| ५ | दादुरा खोप | ८१५ जना |
| ६ | टाइफाइड खोप | ३८५ जना |
| ७ | TD खोप | ६३९जना |
| ८ | एम्बुलेन्स सेवा (सुत्केरी) | २६१ जना |
| ९ | प्राथमिक स्वास्थ्य केन्द्रबाट रेफर गरिएका | १८ जना |
| १० | पोषण भत्ता प्राप्त गर्ने सुत्केरी महिला | २९७ जना |
| ११ | प्रसुति सेवा | ४८८ जना |
| १२ | शल्यक्रिया गरिएका सुत्केरी महिला संख्या | ५० जना |
| १३ | रगत दिएको सुत्केरी संख्या | ८ जना |
| १४ | <u>अन्य शल्यक्रिया</u><br>एपेन्डिक्स ५<br>हर्निया ९<br>हाइड्रोशिल ५<br>घाऊ खटिरा १६० | जम्मा १७९ जना |
| १५ | इम्प्लान्ट सेवा | ९७ जना |
| १६ | आइ.यु.सि.डी. सेवा प्रदान | ३ जना |
| १७ | भिडियो एक्स-रे सेवा | ४३० जना |
| १८ | ४ पटक गर्भ जाँच उत्प्रेरणा रकम वितरण | ३५३ जना |
| १९ | गर्भ पतन सेवा | १६२ जना |
| २० | गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राही | ४८९३ जना |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

| | | |
|---|---|---|
| २१ | स्वयंसेवीकाबाट सेवा पाएका सेवाग्राही | ३०५२० जना |
| २२ | भिटामिन A प्राप्त गरेका बालबालिका | २९३० जना |
| २३ | जुकाको औषधि प्राप्त गरेका बालबालिका | २६१२ जना |
| २४ | HIV टेस्ट गरेका गर्भवती महिला | ४६४ जना |
| २५ | परामर्श सेवा प्रदान गरिएका गर्भवती महिला | ५३० जना |
| २६ | पोष्टमार्टम | २३ जना |
| २७ | घाउ केश गरिएका संख्या | ११ जना |
| २८ | रेप केश गरिएका | १ जना |
| २९ | पहिलो पटक तौल लिएको बच्चा | ५४४ जना |
| ३० | पुन तौल लिएका बच्चाहरु (०-११) | १४७४ जना |
| ३२ | पुन तौल लिएका बच्चाहरु (१२-२३) | १०८५ जना |
| ३३ | जुकाको औषधि पाएका बिद्यार्थीहरु | ३०९९१ जना |
| ३४ | सुत्केरी घर भेट गरेका आमाहरु | १४५ जना |
| ३५ | शिशु जन्मेको ६ महिनासम्म स्तनपान गराउने आमा | ४४० जना |
| ३६ | शिशु जन्मेको ६ महिना पछि स्तनपानको साथै थप आहार खुवाउने आमा | ४४० जना |

**(ख) आयुर्वेद तर्फ :**

- मेलम्ची नगरपालिका अन्तर्गत रहेका दुइवटा आयुर्वेद औषधालयबाट एक बर्षको अवधिमा जम्मा ४३९० जनालाई निशुल्क सेवा प्रदान गरिएको छ ।
- आयुर्वेद औषधालयका दुइवटा भवनहरुको निर्माण कार्य सम्पन्न भै संचालनको चरणमा रहेको छ।
- निशुल्क आयुर्वेद गाउँघर/शहरी क्लिनिक मार्फत नसर्ने रोग व्यवस्थापन तथा उपचार सेवा कार्यक्रम अन्तर्गत महिला ४३० र पुरुष ३१८ जना गरि जम्मा ७४८ जना सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको छ ।
- पन्चकर्म/पूर्वकर्म स्नेहन स्वेदन र शिरोधारा कार्यक्रम अन्तर्गतको स्नेहन स्वेदन तर्फ जम्मा १९१ जना र शिरोधारा तर्फ जम्मा ७ जनालाई सेवा प्रदान गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिकाका १० वटा माध्यमिक विद्यालयहरुका ५३७ जना विद्यार्थीहरुलाई आयुर्वेद तथा योग शिक्षा र स्थानीय स्तरमा पाईने जडिवुटीहरुको प्रयोग बारे ज्ञान तथा जानकारी प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिकाद्वारा संचालित एकीकृत घुम्ती शिविर कार्यक्रम अन्तर्गत आयुर्वेद सेवातर्फ महिला २४० जना र पुरुष १४९ जना गरि जम्मा ३८९ जनालाई सेवा प्रदान गरिएको छ ।

**(ग) बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ :**

- मेलम्ची नगरपालिका वडा नं. २ र ७ मा कुपोषित वालालिकाहरुको लागि बहिरङ्ग उपचार सेवा (OTC) केन्द्र संचालनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ४ का ७३ जना आमाहरूलाई पोषिलो खाना वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ७ र ८ का जम्मा ६२ जना गर्भवती महिलाहरूलाई खानेपानीको फिल्टर वितरण गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ६, ७ र ८ का सुनौला हजार दिनका २३० जना आमाहरूलाई पोषण लेखाजोखा तथा पोषण सम्बन्धी तालिम र २१६ जनालाई तरकारीका वेर्ना वितरण गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. १२ का ४३ जना आमाहरूलाई तरकारी खेती सम्बन्धी २ दिने तालिम प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. १३ का २५ जना सुनौला हजार दिनका आमाहरूलाई गोठ सुधार तथा बाख्रापालन सम्बन्धी ३ दिने तालिम प्रदान गरिएको छ।
- श्री लालीगुराँस महिला सहकारी संस्था लि. का २५ जना सदस्यहरूलाई बाख्रापालनका लागि जम्मा रु.६ लाख अनुदान वितरण गरिएको छ ।
- वडा नं १० लाइ पोषणमैत्री स्थानीय शासन लागुगर्न वडा छनौट गरी कार्यक्रम शुरु गरिएको।
- मेलम्ची नगरपालिका अन्तर्गत सबै वडाका २६ जना विपन्न आमाहरुलाई करेशाबारी निर्माण गर्न कृषि टनेल, ६० लिटरको ड्रम र पाइप वितरण गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

६. कृषि विकास तर्फ :

मेलम्ची नगरपालिका अन्तर्गत रहेको कृषि विकास शाखाबाट आ.व. २०७९/०८० को एक वर्षको अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पादन भएका छन् ।

- कृषि विकास कार्यक्रम अन्तर्गत चालु आ.व.मा यस नगरपालिका भित्रका विभिन्न वडाहरुमा ९५ वटा मिनिटिलर, ९३ वटा स्प्रेयर र ६ वटा मकै छोडाउने मेशिन उपकरण वितरण गरिएको छ ।
- बाली संरक्षण कार्यक्रम अन्तर्गत विभिन्न बालीनालीमा देखिने समस्याको पहिचानको आधारमा ७५ प्रतिशत अनुदानमा विषादी तथा ल्यूर वितरण गरिएको छ ।
- मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ९४ वटा मौरी खाली घार (सेरेना) र मौरी पालन उपकरणहरु मौरी पन्जा), मौरी ब्रस, घार स्टयान्ड, क्विन गेट, मौरी टोपी ( खरिद गरी मौरीपालक कृषकहरुलाई वितरण गरिएको छ ।
- आलु प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ११ हजार ५ सय ७९ वटा ५ ग्राम सम्मको पिएस दाना खरिद गरी कृषकहरुला.बि.ई वितरण गर्नुको साथै उत्पादन भएको १०० बोरा बिउ आलु कोल्डस्टोर गरिएको छ ।
- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा काउली, गोलभेडा लगायतका तरकारीको बीउ वितरण गरिएको छ । त्यसैगरी, ७५ प्रतिशत अनुदानमा ८० पिस प्लाष्टिक टनेल (७० जि. एस. एम.), २०० लिटरको ड्रम सहितको २८ सेट थोपा सिंचाई सेट र ४१ रोल प्लाष्टिक मल्चिङ वितरण गरिएको छ ।
- माटो सुधार कार्यक्रम अन्तर्गत वडा नं. १२ स्थित ढकालथोकमा माटो परीक्षण शिविर सञ्चालन गरी नि:शुल्क रुपमा कृषि चुन वितरण गरिएको छ ।
- कृषि प्रविधि विस्तार तथा क्षमता वृद्धि कार्यक्रम अन्तर्गत नगर भित्रका १७ जना कृषकहरुलाई ७ दिने मिनिटिलर मर्मत सम्बन्धि तालिम प्रदान गरिएको छ ।
- च्याउ विशेष कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा २०० ग्रामको ५ हजार प्याकेट कन्ये च्याउको विउ र २०० के.जी. एल. डि. प्लाष्टिक वितरण गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- मसला वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्याज, बेसार र अदुवाको ८९ के.जी. उन्नत बीउ वितरण गरिएको छ ।
- बाली विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ५ हजार ६ सय के.जी. गहुको उन्नत बीउ वितरण गरिएको छ ।
- बीउमा आत्मनिर्भर तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि. को साझेदारीमा ७५ प्रतिशत अनुदानमा ९२० के.जी. गहुँको मूल बिउ वितरण गरिएको छ ।
- कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा सुरक्षित पहिरन सहित ९३ थान पावर स्प्रेयर वितरण गरिएको छ ।
- फलफुल विकास कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा निलोतुथो, चुन, सिकेचर, पुर्निङ स, प्रोटिन वेड, खनिज तेल, फल टिप्ने भर्याङ वितरण गरिएको छ ।
- स्वाइल सिमेन्ट ट्याङकी साना/प्लाष्टिक पोखरी/सिंचाई मर्मत कार्यक्रम अन्तर्गत वडा नं ६ स्थित धौलेश्वरी कृषि तथा पशुपालन फर्मसंग सम्झौता गरी सिमेन्टेड पोखरी निर्माण गरिएको, वडा नं ९ स्थित ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि. संग सम्झौता गरी काफ्लेखोला कृष्ण मन्दिर साना सिंचाई र काफ्लेखोला द्वारे टोल साना सिंचाई मर्मत गरिएको र वडा नं ९ स्थित ईन्द्र धनुष कृषि तथा पशुपालन फर्म संग सम्झौता गरी प्लाष्टिक पोखरी निर्माण गरिएको छ ।
- ७५ प्रतिशत लागत साझेदारीमा तरकारी नर्सरी स्थापनाका लागि कृषि सहकारी संस्था र फर्महरु मार्फत नगरपालिका भित्रका ४ जना कृषकहरुसँग सम्झौता गरिएको छ ।
- घरवारी बगैंचा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ९८ पिस प्लाष्टिक टनेल वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिकाबाट कृषि तथ्याङ्क संकलन तथा बिश्लेषण प्रणालीका अतिरिक्त व्यवसायीक योजना निर्माण तथा सेवा ब्यवस्थापन प्रणाली निर्माण गरिएको छ ।
- स्कुल अफ हर्टिकल्चर कार्यक्रम अन्तर्गत तरकारी खेती गर्नको लागि फलामको फ्रेम सहितको टनेल निर्माण गर्न वडा नं. ९ स्थित क्याउले ठाना आ.वि., वडा नं. १३ स्थित

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

कालिका चेतना मा.वि. र वडा नं. १२ स्थित जाल्पा देवी मा.वि. संग  जम्मा रु. ९ लाख रुपैयाँमा सम्झौता गरी कार्य अगाडि बढाइएको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. ६ मा नयाँ मकै पकेट कार्यक्रम संचालनका लागि तेर्से सामुदायिक कृषि सहकारी संस्था लि. संग सम्झौता गरी ४२ थान मिनिटिलर, १ थान मकै छोडाउने मेशिन, ५०० के.जी. मकैको उन्नत बीउ  र एक दिने मिनिटिलर प्रयोग सम्बन्धी तालिम संचालन गरिएको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. ११ मा मकै पकेट कार्यक्रम निरन्तरताको लागि जरायटार साना किसान कृषि सहकारी संस्था लि संग सम्झौता गरी २१ थान मिनिटिलर, ५ थान मकै छोडाउने मेसिन, २०० के.जी. मकैको उन्नत बीउ ,२ वटा मकैको उत्पादन प्रदर्शन तथा १ दिने मिनिटिल प्रयोग सम्बन्धि तालिम सञ्चालन गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं ११, १२ र १३ काजना कृषक 989 हरुको सूचिकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्रका कृषकहरुको लागि २८०० के.जी. उन्नत मकै (रामपुर कम्पोजिट र पोशिलो१-) वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

- वडा नं. ३ र ९ मा ५० प्रतिशत लागत साझेदारीमा ३० लाख बराबरको किवी खेतीको थाक्रा निर्माण गर्नको लागि सम्झौता गरि निर्माणको कार्य भइरहेको छ ।

- अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १ स्थित सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.  र सिन्धु मल्टी प्रपोज लि. संग ५० प्रतिशत अनुदानमा फलामको फ्रेम सहितको टनेल निर्माण तालिम,  जैविक विषादी बनाउनको लागि सुक्ष्म खाद्यतत्व वितरण गर्नको सम्झौता गरी कार्यक्रम संचालन भइरहेको छ ।

- वडा नं. १२ स्थित बाँसबारी सामुदायिक कृषि सहकारी संस्था लि.सँग मिनि कोल्डस्टोर निर्माणको लागि ५० प्रतिशत अनुदानमा सम्झौता गरी कोल्डस्टोर निर्माणको कार्य भइरहेको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

७. पशु सेवा तर्फ :

मेलम्ची नगरपालिकाको पशु सेवा शाखाबाट एक वर्षको अवधिमा सम्पादन भएका कार्यहरु देहाय अनुसार रहेका छन् ।

- पशु सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका १४३६ जना पशुपालक कृषकहरुको ३९७ वटा गाई र १२०९ वटा भैंसी गरी जम्मा १६०६ वटा पशुहरुको सुत्केरी प्रोत्साहन बापत रु. २९ लाख ३३ हजार ८ सय वितरण गरिएको छ ।

- कृषकले व्यहोर्ने प्रिमियम रकमको ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका १२७३ जना पशुपालक कृषकहरुको ३७८ वटा गाई र १२१९ वटा भैंसी गरी जम्मा १५९७ वटा पशुहरुको बिमा प्रिमियम अनुदान बापतको रकम रु. ९ लाख ४९ हजार ८ सय ४२ मात्र वितरण गरिएको छ ।

- पशु उपचार सेवा अन्तर्गत यस नगरपालिका भित्र हालसम्म ५३७४ वटा मेडिकल उपचार सेवा, २४२ वटा माइनर सर्जिकल सेवा, २६० वटा गाइनोकोलोजिकल सेवा, ११५१५ वटा परजिवी नियन्त्रण, ४४६ वटा पशु बन्ध्याकरण, ९७ वटा कुखुराको पोष्टमार्टम, ३२५ वटा गोबर परीक्षण र १८७०० वटा कुखुराको उपचार सेवा प्रदान गरिएको छ ।

- संघीय सशर्त अनुदान अन्तर्गतको कृत्रिम गर्भाधान मिसन कार्यक्रममा नगर क्षेत्र भित्रका ४५९ वटा गाई, २७० वटा भैंसी र ८ वटा बाख्रामा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ ।

- सामुदायिक तथा छाडा कुकुर बन्ध्याकरण शिविर संचालन कार्यक्रम अन्तर्गत नगरपालिका भित्र रहेका ४११ वटा सामुदायिक तथा छाडा कुकुरहरुको स्थायी बन्ध्याकरण गरी रेबिज विरुद्धको खोप प्रदान गरिएको छ ।

- खोप कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्र भित्रका २६५०० वटा बाख्राहरुलाई पिरोग .आर.पि. विरुद्धको खोप सेवा प्रदान गरिएकोछ ।

- ७५ प्रतिशत अनुदानमा घाँसको विउ वितरण कार्यक्रम अन्तर्गत १७४ जना कृषकहरुलाई उन्नत जातको टियोसेन्टी घाँसको विउ वितरण गरिएको छ ।

- वडा नं. ११ र ४ मा एकिकृत घुम्ती शिविर आयोजना गरी २८४ जना कृषकहरुलाई सेवा प्रदान गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- कृषि विकास कोष मार्फत नगरपालिका क्षेत्र भित्रका न्यून आय भएका १०६ जना कृषकहरुलाई भैंसीपालन, बाख्रापालन र बंगुरपालनमा सहयोग गर्नका लागि सम्झौता गरिएकोमा हालसम्म ६८ जना कृषकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरेका छन् ।
- प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गतको बाख्रा पकेट कार्यक्रममा मेलम्ची नगरपालिका वडा नं. १ स्थित सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडसंग ५० प्रतिशत लागत साझेदारीमा २२ वटा बाख्राको खोर सुधार, खोर सुधार अभिमुखिकरण, पशु स्वास्थ्य शिविर र घाँसको विरुवा वितरण गर्ने कार्य भइरहेको छ ।
- बंगुरपालन प्रवर्द्धन कार्यक्रममा मेलम्ची न.पा. वडा नं. १० स्थित चिसापानी कृषक समुहसंग ५० प्रतिशत लागत साझेदारीमा १० लाख बराबरको बंगुर खोर निर्माण र पाठापाठी खरिदको लागि सम्झौता गरि निर्माण कार्य भइरहेको र बाराही अजिमा कृषि तथा पशुपन्छी फर्मसंग ५० प्रतिशत लागत साझेदारीमा लाख बराबरको बंगुर खोर निर्माण र बंगुर 10को पाठापाठी खरिदको कार्य सम्पन्न गरिएको छ ।
- सबै कृषकहरुलाइ कृषि तथा पशु प्रविधिक सेवा घरदैलोमा पुर्याउन सबै वडाकार्यालयहरुमा पशु र कृषि प्राविधिकहरु रहने व्यवस्था मिलाइएको छ। आगामी आर्थिक वर्षदेखि उक्त कार्यक्रम लागु गरिने छ।

८. **महिला बालबालिका तथा सामाजिक समावेशीकरण :**

- वि.सं. २०७९ साल चैत्र २४ गते मेलम्ची नगरपालिका वडा नं. ७ लाई मेलम्ची नगरपालिकाको पहिलो र सिन्धुपाल्चोक जिल्लाको दोश्रो बालमैत्री वडा घोषणा गरिएको छ ।
- विज्ञबाट गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण GESI AUDIT सम्पन्न गरी यस नगरपालिकाले उक्त परिक्षणमा कूल ७२ अंक सहित जिल्लको उत्कृट पालिका बन्न सफल भएको छ ।
- पारिवारिक खुशीमा सासु बुहारीको भूमिका सम्बन्धी अभिमुखीकरण तथा निश्चित मापदण्डका आधारमा वडाबाट सिफारिस भएका उत्कृष्ट १३ जोडी सासु-बुहारीलाई सम्मान गरिएको छ।
- निजामती सेवामा इच्छुक नगर भित्रका ३५ जना विद्यार्थीहरूलाई ४५ दिने लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको छ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

आङ्तमान तामाङ
नगर प्रमुख

- यस नगरपालिका भित्र एक वर्षको अवधिमा ८ जना व्यक्तिहरुलाई 'क' वर्गको अपाङ्गता परिचय पत्र, ३२ जनालाई 'ख' वर्गको अपाङ्गता परिचय पत्र, २४ जनालाई 'ग' वर्गको अपाङ्गता परिचय पत्र र १३ जनालाई 'घ' वर्गको अपाङ्गता परिचय पत्र गरी जम्मा ७७ जनलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

- नगर भित्रका १९० जना महिला र २३६ जना पुरुष गरी जम्मा ४२६ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ।

- वडा तथा नगर बाल सञ्जाल पुनर्गठन गरी वडा बाल सञ्जालका अध्यक्ष र सचिव तथा नगरस्तरीय बाल सञ्जालका पदाधिकारीहरु गरी जम्मा ३९ जना बालबालिकालाई ३ दिने क्षमता विकास तथा उद्घघोषण तालिम संचालन गरिएको छ।

- ज्येष्ठ नागरिक सञ्जाल पुनर्गठन गर्नुका साथै उक्त सञ्जालको समन्वयमा नगरपालिकाका १३० जना ज्येष्ठ नागरिकलाई सम्मान गर्नुको ज्येष्ठ नागरिक हक हितका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

- अपाङ्गता भएका व्यक्तिका संरक्षकहरूलाई लक्षित गरी अपाङ्गमैत्री व्यवहार सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।

- मेलम्ची नगरपालिका वडा नं. १, २, ६, ११ र १२ का उच्चतम विद्यालयका विद्यार्थीहरुलाई युवा लागुपदार्थ दुर्व्यसनी तथा साइबर क्राइम सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।

- वडा तथा नगर बाल सञ्जालका पदाधिकारीहरूलाई आत्मरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी ६ दिने आधारभूत तालिम प्रदान गरिएको छ।

## ८. सामाजिक सुरक्षा तथा पञ्जीकरण :

- चालु आ.व. २०७९/०८० को श्रावण देखि २०८० वैशाख महिनासम्म नगरपालिका भित्रका सबै वडाका कूल १६ हजार १ सय ६० जना लक्षित वर्गका लाभग्राहीहरुलाई रु. १५ करोड ६० लाख ९१ हजार ३ सय २२ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- नेपाल सरकारको निर्णयानुसार मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात सम्बन्धी रोग लागि हालसम्म यस नगरपालिकामा दर्ता भएका जम्मा ६३ जना बिरामीलाई त्रैमासिक रुपमा औषधि उपचार बापत जम्मा रू. २२ लाख ४५ हजार रूपैंया वितरण गरिएको छ ।

९. सहकारी तर्फ :

- मेलम्ची नगरपालिका क्षेत्र भित्र साना किसान सहकारी संस्था ४ वटा, कृषि सहकारी संस्था ३७ वटा, दुग्ध उत्पादक सहकारी संस्था ४६ वटा, बहुउद्देश्यीय सहकारी संस्था ६ वटा, बचत तथा ऋण सहकारी संस्था २९ वटा, महिला बचत तथा ऋण सहकारी संस्था १४ वटा, फलफूल तथा तरकारी उत्पादन सहकारी संस्था १ वटा, कफी सहकारी संस्था ३ वटा, उपभोक्ता सहकारी संस्था ६ वटा, कबुलियत वन सहकारी संस्था २ वटा गरी जम्मा १४८ वटा सहकारी संस्थाहरु दर्ता भएकोमा हाल ५९ वटा सहकारी संस्थाहरु सक्रिय रुपमा संचालनमा रहेका छन्।
- सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुको लागि कोष व्यवस्थापन सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका कार्यक्षेत्र भएका ४५ वटा सक्रिय सहकारी संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरुलाई सहकारी लेखा तथा वित्त व्यवस्थापन तथा कोपोमिस प्रणाली सञ्चालन र प्रयोग सम्बन्धी चार दिने तालिम तथा प्रशिक्षण कार्य सम्पन्न भएको छ ।
- गरिवी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्था सञ्चालन सम्बन्धी मार्गदर्शन २०७५ बमोजिम मेलम्ची नगरपालिकाको वडा नं. ९ र १० मा रहेका १९ वटा सामुदायिक संस्थाहरुको सञ्चालनमा सहजीकरण तथा तथ्यांक अध्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ।
- सहकारी संस्था दर्ता सञ्चालन अनुगमन तथा निरीक्षण कार्यविधि २०७७ बमोजिम २५ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने कार्य सम्पन्न भएको र बाँकी सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण कार्य जारी रहेको छ ।

आइतमान तामाङ
नगर प्रमुख

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

- ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा १३ वटै वडाका सहकारी संस्थाको पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा सहकारीमैत्री ऱ्याली तथा समिक्षात्मक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- समुदायमा वित्तीय सुशासन कायम गर्न सहकारी संस्थाको भूमिका र वित्तीय साक्षरता सम्बन्धी सहकारी जागरण कार्यक्रम सुरु गरिएको छ ।
- महिला सहकारी संस्थाको पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरी संस्थागत प्रवर्द्धनका लागि कार्य सुरु गरिएको छ ।

## १०. जिन्सी तथा आन्तरिक व्यवस्थापन

- आ.व. २०७८ को बार्षिक जिन्सी निरीक्षणको कार्य सम्पन्न ०७९/गरिएको छ ।
- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अवलम्बन गरी नगरपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- निर्माण सम्पन्न भएका सबै वडा कार्यालयको प्रशासनिक भवनहरुको फर्निचर व्यवस्थापन लगायत कार्यालय व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाको स्वामित्वमा रहेका सवारी साधनहरुको बीमा, नवीकरण, नियमित मर्मतको कार्य समय भित्रै सम्पन्न गरिएको छ ।
- नगरपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ ।

## ११. सूचना प्रविधि :

- आ.व २०७८/७९ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को लागि जिल्ला समन्वय समितिद्वारा गरिएको गुणस्तर परिक्षण पश्चात मेलम्ची नगरपालिकाले ८९.५ अंक प्राप्त गरी सिन्धुपाल्चोक जिल्लाभित्र प्रथम स्थान र बागमती प्रदेश भित्र दोस्रो स्थान हासिल गरेको छ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- आ.व २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा मेलम्ची नगरपालिकाले ८६ अङ्क दाबी गरेकोमा सोको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गुणस्तर परिक्षणको कार्य भइरहेको छ ।
- नेपाल दुरसञ्चार प्राधिकरणसँगको सम्झौता बमोजिम यस नगरपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य अगाडि बढाइएको छ।
- वडा सचिव, कार्यालय सहायक र विषयगत शाखाका कर्मचारीहरुलाई विभिन्न मितिमा कर संकलन प्रणाली, घटना दर्ता प्रणाली सम्बन्धि र स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई सूचना प्रविधिसँग सम्बन्धित विविध विषयमा तालिम प्रदान गरिएको छ।
- नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी जडान गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी सबै वडा कार्यालयहरुमा डिजिटल नोटिस बोर्ड र सि.सि.टि.भि जडान गरिएको छ।
- आ.व २०७९/८० देखि पूर्वाधार व्यवस्थापन प्रणाली र दर्ता चलानी सफ्टवेयरलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ। साथै वडास्तरमा नै पूर्वाधार व्यवस्थापन प्रणालीको प्रयोग गरि योजना सम्झौताको कार्य अगाडि बढाइएको छ ।
- नगरपालिकाद्वारा संचालनमा ल्याइएको विभिन्न सफ्टवेयरहरुमा आवश्यकता अनुसारको परिमार्जन गरी अद्यावधिक गर्ने र समय समयमा विविध सरकारी निकायबाट माग भए बमोजिमका विवरणहरूलाई अनलाइन पोर्टलमा प्रविष्टि गर्ने गरिएको छ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई कार्यक्रमको लागि हाल गुनासो संकलनको कार्य भइरहेको छ ।

## १२. ऐन कानूनहरु

विधायन समितिबाट आवश्यक छलफल भई नगर कार्यपालिका तथा नगरसभाबाट एक वर्षको अवधिमा देहाय बमोजिमका ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएको छ ।

- गर्भवती तथा सुत्केरी महिलाको यातायात तथा पोषण खर्च भुक्तानी सम्बन्धि कार्यविधि, २०७९

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिकामा निर्वाचित भएका पदाधिकारीहरुको आचारसंहिता,२०७९
- नगर खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि, २०७९
- छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९
- शव बहान संचालन कार्यविधि, २०७९
- मेलम्ची नगरपालिकाको शिक्षा ऐन, २०७५ (तेश्रो संशोधन, २०७९)

१३. वातावरण तथा विपद् व्यवस्थापन :

- मेलम्ची नगरपालिका भित्र घटेका बाढीपहिरो र आगलागी जस्ता विपद्जन्य घटनाहरुबाट प्रभावित भएका २८६ घर परिवार (पुनर्निर्माण तर्फ २६८, पुनर्स्थापना तर्फ १७ र प्रवलीकरण तर्फ १ घरपरिवार ) लाई लाभग्राही कायम गराई आवास पुनर्निर्माणको कार्य अघि बढाइएको छ ।

- विपद्बाट प्रभावित भई लाभग्राही कायम भएकाहरुमध्ये हालसम्म २५२ घर परिवारलाई प्रथम किस्ता, २५ घर परिवारलाई दोश्रो किस्ता रकम उपलब्ध गराइएको छ भने ६ जना घर परिवारलाई जग्गा खरिद गरी आवास पुनर्निर्माणको कार्य अगाडि बढाइएको छ ।

- यस नगरपालिका भित्र भएका आगलागी, वन्यजन्तुको आक्रमण, पहिरो, चट्याङ आदि जस्ता विपद्बाट प्रभावित भएका नगरपालिका भित्रका १७ घर परिवारलाई भाँडाकुँडा, ओड्ने ओछ्याउने लगायतका दैनिक उपभोग्य सामग्रीहरु सहित जम्मा रु. १ लाख १८ हजार ५ सय नगद सहायता उपलब्ध गराइएको छ ।

- यस नगरपालिका भित्रका आर्थिक रुपमा विपन्न एवं विभिन्न रोगबाट प्रभावित भएका जम्मा १०६ जना नागरिकहरुलाई रु. ११ लाख १६ हजार आर्थिक सहायता प्रदान गरिएको छ ।

- मेलम्ची नगरपालिकाबाट हालसम्म ७९ जना व्यक्तिहरुको निजी आवास संरक्षणको लागि नीतिगत व्यवस्था भए बमोजिम घर संरक्षणको कार्य गर्न रु. ३१ लाख ६० हजार रुपैयाँ विनियोजन गरिनुको साथै १३ जना व्यक्तिहरुको आवास संरक्षणको लागि योजना सरह रु. २० लाख ८० हजार बजेट विनियोजन गरी कार्य अगाडि बढाइएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- मनसुनको समयमा तत्काल क्षति न्यूनीकरण गर्नका लागि प्रत्येक वडा कार्यालयलाई ६०० मिटरका दरले प्लास्टिक उपलब्ध गराइनुका साथै यस कार्यालयमा प्राप्त निवेदनको आधारमा समेत प्लास्टिक वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिकाको स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना गरी संचालनमा ल्याइएको छ ।
- मेलम्ची नगरपालिका अन्तर्गतका वडा नं. ६, ७, ८, ९, १०, ११, १२ र १३ मा सामुदायिक विपद् व्यवस्थापन समितिको गठन गरिनुको साथै विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- यस नगरपालिकाका जनप्रतिनिधिहरुलाई विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनको स्थानीयीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिकाको विपद् पूर्व सूचना प्रणालीको सुदृढिकरणका लागि यस नगरपालिका भित्र तीन वटा स्वचालित मौसम मापन केन्द्रको स्थापना गरि संचालनमा ल्याइएको छ ।
- सामुदायिक विपद व्यवस्थापन समितिका प्रतिनिधि एवं जनप्रतिनिधिहरुलाई वातावरण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धि कार्यक्रम संचालन गरिएको छ ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि छिमेकि पालिकासंग समन्वय गरी संचार संयन्त्र तथा आपतकालीन सम्पर्क नम्बरको निर्माण गरिएको छ ।
- विपद् पूर्व सूचना प्रणाली सम्बन्धमा पहिरो तथा बाढीको उच्च जोखिममा रहेका वडा नं. २, ४, ६, ८, ११, १२ र १३ भित्रका स्रोतसाधन, प्रकोप, सङ्कटासन्नाटा तथा क्षमता विश्लेषण सम्बन्धी तथ्यांक संकलन गरि नक्सांकन गर्ने प्रक्रियामा रहेको छ ।
- विपद् पूर्व सूचना प्रणाली तथा पूर्वानुमानमा आधारित प्रभाव सम्बन्धमा मेलम्ची र ईन्द्रावती जलाधार क्षेत्रमा क्रियाशील संचारकर्मीहरुको लागि एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- मेलम्ची नगरपालिकाको वन ऐन, २०७८ बमोजिम पालिका भित्र रहेका वन समितिहरुको सूचीकरणको काम अघि बढेको छ । साथै सवडिभिजन वन कार्यालयसंगको सहकार्यमा - विभिन्न समयमा अन्तरक्रिया कार्यक्रमहरु समेत संचालन गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- मेलम्ची नगरपालिका भित्रका ४९ वटा बस्तिभौगर्भि क्षेत्रहरुको/क अध्ययन गरी प्रतिवेदन निर्माणको कार्य भइरहेको छ ।
- मेलम्ची नगरपालिका भित्रका विभिन्न विपद्जन्य घटनाबाट प्रभावित भएका एवम् जिर्णोद्धार रहेका ५९ वटा सिंचाई योजनाहरुको २५/७५ श्रम साझेदारी अनुसार मर्मत संभारको कार्य अघि बढाइएको छ ।
- ईन्द्रावती तथा मेलम्ची नदीबाट हुने कटान एवम् क्षति न्यूनिकरणका लागि नदी गहिऱ्याउने तथा बस्ती संरक्षणका लागि आवश्यक कार्यहरु अगाडि बढाइएको छ ।

१४. न्यायिक कार्य

- न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि वडागत रुपमा वडा सम्पर्क व्यक्ति र वडा मेलमिलापकर्ता संयोजकहरुको छनोट गरी कानूनी साक्षरता सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- आ व २०७९/८० मा मेलम्ची नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका २४ वटा विवादहरु मध्ये १६ वटा विवादहरु फछ्र्यौट गर्ने कार्य गरिएको छ ।
- चालु आ. व. २०७९/८० मा जम्मा ५३ जना मेलमिलापकर्ताहरु न्यायिक समितिमा सुचिकृत गर्ने कार्य गरिएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु र वडा सम्पर्क व्यक्तिहरुलाई न्यायिक कार्य सम्पादन प्रक्रिया सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु, वडा सम्पर्क व्यक्ति वडा मेलमिलाप संयोजकहरु र वडा मेलमिलाप कर्ताहरुलाई वडा मेलमिलाप केन्द्रको कामकाजलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि तीन दिवसीय पुनर्ताजकी तालिम प्रदान गरिएको छ।
- वडाबाट सिफारिस भइ आएका मेलमिलाप सम्बन्धी तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुलई मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम प्रदान गरिएको छ ।
- जिल्ला अदालत, सिन्धुपाल्चोक र चौतारा साँगाचोकगढी नगरपालिकाको अनुगमनबाट यस नगरपालिकाको न्यायिक समितिको कार्यसम्पादन उत्कृष्ट रहेको जानकारी प्राप्त भएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

आइतमान तामाङ
नगर प्रमुख

- न्यायिक समितिको राष्ट्रिय सम्मेलनमा सहभागी भई ११ बुँदे घोषणा पत्र तयार गर्न आवश्यक भूमिका निर्वाह गरिएको छ ।

## १५. प्रधानमन्त्री रोजगार कार्यक्रम :

- चालु आ.व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका १ हजार १० जना सूचिकृत रोजगारहरुमध्ये ३८ जना पुरुष र ६५ जना महिला गरी जम्मा १ सय ३ जना बेरोजगार व्यक्तिहरुले रोजगारी प्राप्त गरेका छन् ।
- चालु आ.व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १२ वटा योजनाहरु छनौट गरिएकोमा एक वटा योजना पूर्ण रुपमा सम्पन्न भई अन्य योजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन् ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक वर्षको अवधिमा १.६ कि.मि. मोटर बाटो सोलिङ, ७०० मिटर गोरेटो बाटोमा पक्की सिंढी निर्माण, २०० मिटर सिंचाई कुलो निर्माण, २ वटा चौतारी निर्माण, १ वटा पार्क निर्माण र २०० मिटर मेशिनरी वाल निर्माणको कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका क्षेत्र भित्रका ११ जना बेरोजगार व्यक्तिहरुलाई नगर भित्रकै निजी क्षेत्रसंग सहकार्य गरी रोजगारी प्रदान गरिएको छ ।
- आ.व. २०८०/०८१ को लागि १ हजार ४ जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने कार्य सम्पन्न गरिएको छ ।

## १६. उद्यम विकास कार्यक्रम :

- मेलम्ची नगरपालिकाको वडा नं २ र ४ मा आठ दिने उद्यमशीलता विकास तालिम र १ दिने सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको छ ।
- सीप विकास तालिम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं २ का सोह्र जना उद्यमीहरुलाई होमस्टे संचालन तालिम र दश जना उद्यमीहरूलाई बाँसको सामग्री बनाउने तालिम प्रदान गरी सामग्री तथा प्रविधि हस्तान्तरण गरिएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- बजारीकरण तथा स्तरोन्नतीको लागि मेलम्ची नगरपालिका वडा नं. २ र वडा नं १२ का होमस्टे संचालन गरिरहेका २० जना उद्यमीहरूलाई नवलपरासी र लमजुङको होमस्टे व्यवसाय अवलोकन भ्रमण गराई स्थलगत अध्ययन गराउने कार्य सम्पन्न गरिएको छ ।

- प्लाष्टिकको झोला न्यूनिकरणको लागी मेलम्ची नगरपालिका वडा नं. ४ का १७ जना उद्यमीहरूलाई कपडाको झोला बनाउने तालिम सम्पन्न गरिएको छ ।

- व्यवसाय स्तरोन्नती कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. १२ स्थित ढाका व्यवसाय सञ्चालन गरिरहेका एघार जना लघु उद्यमीहरूको स्तरोन्नतिको लागि ढाकाको खादा तथा सारी बुनाई तालिम सञ्चालन भइरहेको छ।

**१७. आम्दानी तथा खर्च विवरण :**

(क) आम्दानी तर्फ :

- आ.व. २०७९/०८० को वैशाख मसान्तसम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त अनुदान, समपुरक अनुदान, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी, सडक बोर्ड कार्यक्रम र आन्तरिक आम्दानी गरी कूल जम्मा रु. १ अर्व २७ करोड ९६ लाख ४१ हजार ६ सय ४ रुपैयाँ ५३ पैसा प्राप्त भएको छ ।

(ख) खर्च तर्फ :

- आ.व. २०७९/०८० को वैशाख मसान्तसम्म चालु खर्च तर्फ रु. ५५ करोड ४२ लाख ३८ हजार ३ सय ८९ रुपैयाँ ३१ पैसा (६०.२२ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. २९ करोड ३४ लाख ५६ हजार २ सय २० रुपैयाँ (३८.०२ प्रतिशत ) गरी कूल जम्मा ८४ करोड ७६ लाख ९४ हजार ६ सय १ रुपैयाँ ३१ पैसा खर्च भएको छ ।

अन्त्यमा, हामी जनप्रतिनिधिको रुपमा यस मेलम्ची नगरपालिकाबाट निर्वाचित भई पदभार ग्रहण गरे देखि एक वर्षको अवधिमा हाम्रो नेतृत्वमा सम्पादन भएका कार्यहरुको प्रगति विवरण सार्वजनिक समारोहमा उपस्थित हुनु भएका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरु, संचारकर्मी लगायत सम्पूर्णमा म विशेष रुपमा हार्दिक्र आभार प्रकट गर्दछु ।

धन्यवाद ।

आइतमान तामाङ
नगर प्रमुख

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

## नगरपालिकाबाट सम्पादन भएका कार्यहरुमध्ये चालु आ.व. मा भएका फरक र नविनतम कार्यहरु

- स्थानीयस्तरमा मध्यमस्तरीय प्राविधिक जनशक्ति तयार गर्नका लागि कक्षा ९ देखि १२ सम्म ४ जनालाई सिभिल इन्जिनियरिङ तथा २ जना विद्यार्थीलाई कृषि विज्ञान विषयमा डिप्लोमा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था शुरु गरिएको ।
- नगरपालिका भित्रका गर्भवती तथा सुत्केरी महिलाहरुलाई पालिका भित्रको बर्थिङ सेन्टरमा आउन जान र नगर अस्पतालबाट रेफर गरिएका अन्य संस्थाहरुमा जानको लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको ।
- संघीय सरकारबाट उपलब्ध गराइएको मासिक प्र.अ. भत्तामा नगरपालिकाको आन्तरिक श्रोतबाट थप हुने व्यवस्था गरिएको ।
- विद्यालयहरुलाई कृषि कर्मसंग जोड्नका लागि ३ वटा विद्यालयहरुमा नमुनाका रुपमा विद्यालय कृषि कार्यक्रमको शुरुवात भएको ।
- शैक्षिक सत्र २०८० बाट विद्यालयहरुमा स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको ।
- चालु आ.व. २०७९/०८० मा शिक्षा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ८ वटा विद्यालयहरुमा शिक्षा पूर्वाधार विकास कार्यक्रम संचालन गरिएको ।
- नगरस्तरीय खेलकुद समिति गठन गरी विभिन्न विधाका खेलाडीहरुलाई प्रोत्साहन गर्न विभिन्न खेलहरुको आयोजना गरी आर्थिक सहयोग प्रदान गरिएको ।
- स्थानीय आपतकालीन संचालन केन्द्रको स्थापना गरी संचालनमा ल्याइएको ।
- नगरपालिकाको आन्तरिक श्रोतबाट कक्षा ७ र ८ मा दिवा खाजा कार्यक्रम थप गरिएको ।
- विद्यालयमा प्रयोग भैसकेका स्यानिटरी प्याडको उचित व्यवस्थापनका लागि विद्यालयमा इन्सिनेटर मेशिन तथा सहज पहुँचका लागि भेन्डिङ मेशिन जडान गरिएको ।
- आ.व २०७८/७९ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को लागि जिल्ला समन्वय समितिद्वारा गरिएको गुणस्तर परिक्षणमा ८९.५ अंक प्राप्त गरी यस नगरपालिका जिल्ला भित्र प्रथम र बागमती प्रदेशमा दोश्रो स्थान हासिल गरेको।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI AUDIT) मा कूल ७२ अंक सहित जिल्लाको उत्कृष्ट पालिका बन्न सफल भएको ।
- आवधिक योजना निर्मण गरिएको ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

आइतमान तामाङ
नगर प्रमुख

- नगरपालिकाबाट प्रदान गरिने सेवाको कार्य प्रकृति र कार्य बोझको आधारमा कर्मचारी संगठन संरचनाको पुनरावलोकन गरिएको ।
- एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था गरिएको ।
- वडा नं. ३, ८, १० र १३ का वडा कार्यालय भवन सम्पन्न भई सेवा प्रदान गरिएको ।
- चालु आ.व.मा पूँजीगत तर्फ ६० प्रतिशत भौतिक प्रगति र ४०.११ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ भने चालु खर्च तर्फ ६३.४२ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७३

२०८०।२।६

आइतमान तामाङ
नगर प्रमुख